# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

### पशु विकाश सेवा कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना
**सूचना नं ३ -२०८१-२०८२ ( पशु सेवा विकास कार्यक्रम)**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०४**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र पशु पालक कृषकबाट उत्पादित दुधमा प्रतिलिटर दुध उत्पादनमा रु ४/- अनुदान दिने कार्यक्रम रहे वमोजिम तोकिएको मापदण्ड पुरा गरेका कृषक/व्यवसायी/ फार्म/उद्यमी/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिबाट ३० दिन (२०८१/फाल्गुण ०३ सम्म) यस आ.व.को लागी अनुदान माग गरि कार्यालय समयमा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका प्रस्तावनाहरूलाई अनुदान उपलब्ध गराईने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट htpp://bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ। विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-४९३७२१ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरूः**

क. संस्था/फार्म दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी । (फार्म/संस्था महानगर वा वडा कार्यालयमा दर्ता/ नविकरण भएको हुनुपर्नेछ) ।

ख. निजि फर्मको हकमा आधिकारिक च्यानल (Formal Channel) मा दैनिक दुग्ध कारोवार गरेको प्रमाणित अभिलेख । (आधिकारिक च्यानल भन्नाले नेपाल सरकारको स्वामित्वमा सञ्चालित दुग्ध संकलन र कारोवार गर्ने संस्थालाई जनाउने छ) ।

ग. सहकारी संस्थाहरूले तपसिलको फर्मेट अनुसार कृषकको नामावली सहितको वार्षिक दुध संकलन विवरण वडा र पशु सेवा केन्द्रबाट प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

**............दुग्ध उत्पादक सहकारी संस्था**

**भरतपुर........चितवन**

**मासिक दुध खरिद रेकर्ड**

| क्र.सं | कृषकको नाम,थर | फोन नं | मासिक दुध खरिद रेकर्ड | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र | बैशाक | जेष्ठ | असार | जम्मा |
| | | | | | | | | | | | | | | | |
| जम्मा लि. | | | | | | | | | | | | | | | |

घ. संस्थाहरूको हकमा वार्षिक साधारण सभा गरेको प्रमाण ।

ङ. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र।

च. लेखा परिक्षण प्रतिवेदन ।

छ. मिल्क एनालाईजरले हरेक सदस्यको दैनिक दुध परिक्षण गरेको हुनु पर्ने छ। मिल्क एनालाईजर नभएका सहकारीको हकमा अनुदान भुक्तानिको बेला सम्ममा दैनिक दुध परिक्षण गर्ने गरि मिल्क एनालाईजर जडान गर्ने प्रतिज्ञा पत्र।

ज. सम्बन्धित वडा कार्यालय, महानगरको सहकारी शाखा र सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस पत्र । निजी फार्मको हकमा सहकारी शाखाको सिफारिस आवश्यक नपर्ने ।

झ. आवेदन दस्तुर वापत अनुदान दावी गरिएको रकम रू. एक लाखसम्म भए रू. १००।-, एकलाख माथि रू. पाँच लाखसम्म भए रू. ३००।- र रू. पाँच लाख माथि भए रू. ५००।- सम्बन्धित वडा कार्यालयमा तिरेको सक्कल राजश्व रसिद ।

..........................

लक्ष्मि प्रसाद पौडेल

प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**